घरपझोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जोमसोम, मुस्ताङ

गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः२०७७/७८
चलानी नं. ११८

मितिः२०७७/०५/२१

विषयः पहिलो अन्तरपालिका परिषद् बैठकमा उपस्थित हुने सम्बन्धमा ।

**श्री गाउँपालिकाहरू (सबै)**
मुस्ताङ ।

मुस्ताङ जिल्लाका सबै स्थानीय तहहरू सम्मिलित एक अन्तरपालिका परिषद् गठन गर्ने र सो परिषद्ले मुस्ताङ जिल्लाको एकीकृत विकास र पालिकाहरूको सामुहिक चासोका विषयहरूमा समय समयमा छलफल गरी आवश्यक निर्णय गर्ने, सोही बमोजिम क्रियाकलापहरू अघि बढाउने सम्बन्धमा यस गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्षज्यूको समेत उपस्थितिमा तहाँ गाउँपालिकासँग यस अघि नै पूर्व तयारी बैठक भएको बेहोरा अवगतै छ । सोही पूर्वतयारी बैठकले प्रस्तावित अन्तर पालिका परिषद्को पहिलो बैठक भदौ महिनाको चौथो हप्ता जोमसोममा गर्ने गरी निर्णय भए बमोजिम तपसिलमा उल्लिखित बैठकहरूमा तहाँ गाउँपालिकाबाट अनिवार्य सहभागी भईदिनुहुन अनुरोध छ ।

(आसबहादुर थकाली)
**अध्यक्ष**

**तपसिलः**

**१. प्रमुख प्रशासकीय अधिकृत स्तरीय कार्यविधि मस्यौदा बैठक**

बैठक हुने मितिः २०७७।०५।२४ गते
समयः विहान ठीक ११.०० बजे
स्थानः घरपझोङ गाउँ कार्यपालिकाको कार्यालय, जोमसोम
बैठकको उद्देश्यः प्रस्तावित अन्तरपालिका परिषद्को बैठक सञ्चालन सम्बन्धी मस्यौदा कार्यविधिमा छलफल गर्ने।
सहभागीः सबै गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतहरू
(मस्यौदा कार्यविधिको नमूना यसैसाथ संलग्न छ । सो सम्बन्धमा समेत आवश्यक गृहकार्य गरी उपस्थित भईदिनुहुन ।)

**२. अन्तरपालिका परिषद्को बैठक**

बैठक हुने मितिः २०७७।०५।२५ गते
समयः विहान ठीक ८.०० बजे
स्थानः जोमसोम, मुस्ताङ
सहभागीहरूः सबै गाउँपालिकाका अध्यक्षज्यू, उपाध्यक्षज्यू र प्रमुख प्रशासकीय अधिकृतज्यूहरू

(**पुनश्चः** बैठकमा सहभागी हुनुपूर्व सबै प्रमुख प्रशासकीय अधिकृतज्यूहरूले यस अन्तरपालिका परिषद् बैठकमा छलफल गर्नुपर्ने सम्भावित प्रस्तावहरूका सम्बन्धमा आआफ्नो गाउँपालिकामा छलफल गरी प्रस्तावित प्रस्तावहरु एकीकृत गरि पठाइदिनुहुन समेत अनुरोध छ ।)

**नोटः** सहभागीहरूको लागि बैठक अवधिभर खाना र आवास आयोजकबाट व्यवस्था गरिनेछ भने नियमानुसारको दैनिक भ्रमण भत्ता सम्बन्धित गाउँपालिकाबाटै व्यवस्थापन गर्नुहुन ।

कार्यालय ठेगानाः घरपझोङ गाउँपालिका वडा नं. ४, जोमसोम, मुस्ताङ/ फोन नं. ०६९-४४००१६
Email: gharapjhongrmunicpality@gmail.com
website: https://gharapjhongmun.gov.np